# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-नोट

१९ असार, २०७७

## जेष्ठ नागरिकको मानव अधिकार संरक्षण गर्न पर्याप्त कानूनी व्यवस्था गर ।

### आयोगद्वारा जेष्ठ नागरिक सम्बन्धी कानून तथा नीतिहरूको संग्रह प्रकाशन

राष्ट्रिय मानव अधिकार आयोगले जेष्ठ नागरिक सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र नीतिहरूको एकीकृत संग्रह सार्वजनिक गरेको छ । आयोगका तर्फबाट अध्यक्ष अनूप राज शर्माले यही असार १९ गते सार्वजनिक गर्नु भएको यो प्रकाशनमा जेष्ठ नागरिक सम्बन्धी १६ वटा ऐन, नियम, निर्देशिका, मार्गदर्शन, मापदण्ड र नीति तथा ११ वटा अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र घोषणाका जेष्ठ नागरिक सम्बन्धी अंशहरू समेत संग्रहित छन् । कोरोना भाइरसको संकटका बेलामा जेष्ठ नागरिकका हक हितका लागि सरकारले २०७७ साल वैशाख १७ गते जारी गरेको मार्गदर्शन पनि यस संग्रहमा समावेश छ ।

जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा सरकारले संसदमा पेश गरेको दोस्रो संशोधनलाई आधार मान्दै यस ऐनलाई जेष्ठ नागरिकमैत्री बनाउन आयोगले दिएका सुझाव पनि यस प्रकाशनमा समावेश छ । आयोगले यो सुझाव दिनु अगाडि पूर्व न्यायाधीशहरू, वरिष्ठ अधिवक्ताहरू, राष्ट्रिय जेष्ठ नागरिक महासंघ र जेष्ठ नागरिक अधिकारकर्मीहरू समेतको विज्ञ टोलीसँग २०७६ साल साउन २ गते अन्तर्क्रिया गरेको थियो । छलफल पछि साउन २७ गते प्रतिनिधिसभा, महिला तथा सामाजिक समिति तथा सरकारलाई पठाएको सुझावहरू पनि यस संग्रहमा समावेश गरिएको छ । जेष्ठ नागरिक ऐनको दोस्रो संशोधन संसदमै विचाराधीन छ ।

सुझावमा सार्वजनिक पदाधिकारी समेतले आफ्नो आमदानीको निश्चित प्रतिशत बावु आमाको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था राम्रो हुँदा हुँदै पनि प्रभावकारी कार्यान्वयनका लागि थप छलफल हुनुपर्ने विषय औँल्याइएको छ । यस व्यवस्थाले गरीवीको रेखामुनि रहेका खासगरी ग्रामीण भेगका अधिकांश जेष्ठ नागरिक लाभान्वित हुन नसक्ने हुँदा विशेष कोषको प्रावधान राख्न सुझाइएको छ । भरणपोषण नगर्ने सन्तान विरुद्ध स्वयं बावु आमाले नै उजूर गर्नुपर्ने बाध्यता हटाई छरछिमेकी समेत जो कोहीले उजूरी गर्न पाउने र सञ्चार माध्यम लगायतबाट स्वयम् जानकारी लिन सकिने प्रावधान थप्न सुझाव दिइएको छ । बैंकमा रकम जम्मा नगर्ने सन्तानले पनि बावु आमाको शेषपछि सो रकमको हिस्सा पाउने व्यवस्थालाई न्यायिक मान्न नसमिने कुरा पनि उठाइएको छ । दिगो समाधानका लागि बावु आमाको आर्जनको सम्पत्ति निजहरूले ईच्छापत्र गरे अनुसार हुनुपर्ने कानूनी व्यवस्था गर्न पनि सुझाव दिइएको छ ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

जेष्ठ नागरिक सम्बन्धी मुद्दा हेर्न जिल्ला अदालतमा वेग्लै इजलास र निरन्तर सुनुवाईको व्यवस्था समावेश गर्न पनि माग गरिएको छ । स्थानीय तहमा मेलमिलाप हुन नसकेका जेष्ठ नागरिकका मुद्दा स्थानीय निकायकै प्रतिवेदनका आधारमा जिल्ला अदालतबाट कारवाही शुरु गर्ने कानूनी प्रवन्ध हुन उचित हुने राय दिइएको छ ।
सेवा निवृत्त तथा अनुभवी जेष्ठ नागरिकको सेवा लिन स्थानीय निकायका गाउँ वा टोलमा जेष्ठ नागरिक समूह बनाई तिनको प्रवन्ध गर्ने दायित्व स्थानीय सरकारको हुनुपर्ने सुझाव पनि दिइएको छ । दिवा सेवा केन्द्र र स्याहार केन्द्रहरूको स्थानीय सरकारले अनिवार्य रुपमा सञ्चालन गर्नुपर्ने, वृद्धाश्रमहरु एकत्रित गरी सुविधासम्पन्न रुपमा सञ्चालन गर्नुपर्ने प्रावधानले पनि संशोधित ऐनमा ठाउँ पाउनु पर्ने विषय औंल्याइएको छ । वृद्धाश्रममा बस्ने जेष्ठ नागरिकहरुलाई नागरिकता नखोजी परिचयपत्रको आधारमा वृद्ध भत्ता दिनु पर्ने कानूनी व्यवस्था हुने व्यवस्था समावेश गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

जेष्ठ नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित हुनुपर्ने, साम्पत्तिक अधिकार संरक्षित हुनुपर्ने र पारिवारिक सम्बन्ध सुदृढ हुनपर्ने प्रावधानहरु समावेश गर्न पनि सुझाइएको छ । जेष्ठ नागरिकलाई झुक्याएर सम्पत्ति हस्तान्तरण सम्बन्धी कागज गराइएको ठहरे कागज र व्यवहार समेत स्वतः बदर हुने प्रावधान ऐनमा राख्ने सुझाव पनि दिइएको छ । कानून बनाउन भन्दा त्यसलाई कार्यान्वयन गर्न उदासीन हुन नहुने विषय औंल्याउँदै अनुगमन, निर्देशन, कारवाही र सरकारी सहयोगलाई कानूनी जिम्मेवारीकै रुपमा राखी तीनै तहका सरकारलाई जेष्ठ नागरिक प्रति उत्तरदायी हुनुपर्ने प्रावधान समेत विधेयकमा समावेश गर्न आग्रह गरिएको छ । आयोगका सुझावलाई कानूनी रुपमा ढाल्न गरिएको मस्यौदा समेत यस प्रकाशनमा समावेश छ ।

यस प्रकाशनले जेष्ठ नागरिकका मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा सम्बन्धित पक्षहरूलाई संवेदनशील र सक्रिय हुन सघाउ पुऱ्याउने आयोगले विश्वास लिएको छ ।

.................
वेद भट्टराई
सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org